बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

प.सं.:- २०८३।०८४
च.नं.:-

सुदूरपश्चिम प्रदेश, नेपाल
मितिः २०८३।०६।२० गते

युवा जलवायु कार्य कोष (YCAF) अन्तर्गत लघु-आयोजना प्रस्ताव पेश गर्ने म्याद थप सम्बन्धी सूचना

यस बेलौरी नगरपालिकामा ब्लुमबर्ग फिलान्थ्रोपिज (Bloomberg Philanthropies) को सहयोगमा सञ्चालित युवा जलवायु कार्य कोष (Youth Climate Action Fund – YCAF) कार्यक्रम अन्तर्गत नगर क्षेत्रका १५ देखि २४ वर्ष उमेर समूहका युवा, युवा समूह तथा युवा नेतृत्वमा सञ्चालित संस्थाहरूबाट जलवायु परिवर्तन, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा आधुनिक प्रविधिसँग सम्बन्धित लघु-आयोजना प्रस्ताव आह्वान गरिएकोमा, इच्छुक युवा तथा समूहहरूलाई थप अवसर प्रदान गर्ने उद्देश्यले प्रस्ताव पेस गर्ने समयावधि ७ (सात) दिन थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

थप गरिएको अन्तिम मिति

साविक अन्तिम मितिः २०८३।०६।२० गते
म्याद थपः ७ (सात) दिन
नयाँ अन्तिम मितिः २०८३।०६।२७ गते सम्म

इच्छुक युवा, युवा समूह तथा युवा नेतृत्वमा सञ्चालित संस्थाहरूले यसअघि प्रकाशित सूचनामा उल्लेख गरिएका विषयगत क्षेत्र तथा मापदण्डअनुसार आफ्नो नवीन, सिर्जनात्मक तथा व्यवहारिक लघु-आयोजना प्रस्ताव तोकिएको समयभित्र बेलौरी नगरपालिकाको विपद् व्यवस्थापन शाखामा पेस गर्नुहुन अनुरोध गरिन्छ।

मुख्य विषयगत क्षेत्रहरू

१. विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण
२. फोहरमैला व्यवस्थापन
३. तालतलैया तथा सीमसार संरक्षण
४. पंक्षी संरक्षण तथा जैविक विविधता
५. AI तथा आधुनिक प्रविधि
६. दिगो कृषि
७. वृक्षारोपण तथा जैविक बार
८. दिगो विकास तथा वातावरण संरक्षण

सम्पर्क व्यक्तिः

श्री अशोक पाण्डेय
विपद् सम्पर्क व्यक्ति
बेलौरी नगरपालिका, कञ्चनपुर
सम्पर्क नं.: ९८४८७५४००८, ९८०१३८५६७४

नोट : यसअघि प्रस्ताव पेस गरिसकेका आवेदकहरूले पुनः प्रस्ताव पेस गर्नुपर्ने छैन। नयाँ इच्छुक आवेदकहरूले तोकिएको म्यादभित्र प्रस्ताव पेस गर्न सक्नेछन्।

२०८३।६।२०
प्रमुख प्रशासकीय अधिकृत